"समृद्धिको सहयात्री"
तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड
Tinau Mission Development Bank Limited
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**Head Office:**
Butwal-4, Palpa Road, Rupandehi
Phone: 071-541055, 541279
Fax: 071-542812
Email: info@tinaumissionbank.com

मिति: २०७७।०९।२२

प.सं. ०७७/७८
च.नं. ८२४

श्री नेपाल स्टक एक्सचेन्ज
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

विषय: साधारण सभा सम्बन्धमा ।

महोदय,

यस तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको लेखा परिक्षण समाप्त गरि वार्षिक प्रतिवेदन प्रकाशन गर्नको लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृती लिइ मिति: २०७७।०९।२२ गते दिउंसो ५ बजे बसेको संचालक समितिको बैठक नं. २७९ बाट निम्न मिति, समय र स्थानमा यस विकास बैंकको १४औं साधारण सभा हुने व्यहोरा तहांको जानकारीको लागि अनुरोध छ ।

मिति: २०७७।१०।१५ गते बिहिबार (28th Jan, 2021)
समय: बिहान ११.०० बजे ।
स्थान: अम्रपाली कटेज एण्ड रेष्टुरेण्ट प्रा.लि., बुटवल ८, सुख्खानगर, रुपन्देही ।

ववरण:

| | |
|---|---|
| • नगद लाभांश, लाभांश कर प्रयोजनको लागि: | छैन । |
| • बोनश शेयर प्रतिशत: | ६(छ) प्रतिशत |
| • हकप्रद शेयर प्रतिशत: | छैन । |
| • शेयर दाखिल खारेज मिति (Book Close Date): | २०७७।१०।०२ |
| • तिनाउ मिसन डेभलपमेण्ट बैंकको चुक्ता पुंजी रु.: | १,८१,३१,२७,२००।८५ |
| • वार्षिक साधारण सभाको मिति: | २०७७।१०।१५ बिहिबार |

भवदीय

हरि प्रसाद घिमिरे
नायब प्रमूख कार्यकारी अधिकृत

तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड
Tinau Mission Development Bank Limited
बुटवल ४, पाल्पारोड, रुपन्देही
फोन नं. ०७१-५४१०५५/५४१२७९
फ्याक्स नं. ०७१-५४२८१२
E-mail: info@tinaumissionbank.com, URL: tinaumissionbank.com

# चौधौं वार्षिक साधारण सभाको सूचना

तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०७७ साल ०९ महिना २२ गते बसेको सञ्चालक समितिको २७९औं बैठकको निर्णय अनुसार यस विकास बैंकको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा हुने मिति, समय र स्थान:

मिति : २०७७/१०/१५ गते (28th Jan, 2021) बिहिबार

समय : बिहान ११.०० बजे

स्थान : अम्रपाली कटेज एण्ड रेष्टुरेण्ट प्रा.लि., बुटवल ८, सुख्खानगर, रुपन्देही ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :-**

(१) सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) आ.व.२०७६/०७७ को तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ साल आषाढ मसान्तको वासलात, मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधीको नगद प्रवाह विवरण र यसका अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(३) आ.व.२०७६/०७७ को साविक नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लिमिटेड लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल मंसिर २१ गतेसम्मको वित्तीय विवरणहरु गरी पारित गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :-**

(१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको हाल कायम रहेको चुक्ता पूँजी रु.१,८१,३१,२७,२००।८५ को ६ प्रतिशतले हुने रकम रु.१०,८७,८७,६३२.०५ बराबरको बोनश शेयर वितरण गर्न स्वीकृति गर्ने ।

(२) प्रबन्धपत्र तथा नियमावलीमा तीन महलेमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने ।

(३) साविकको नेपाल कम्युनिटि डेभलपमेण्ट बैंक लिमिटेडको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता खारेजी र कर कार्यालयमा हिसाव फाछयौंट गरी पान नं. दर्ता खारेजी गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) गर्ने सम्बन्धी प्रस्ताव पारीत गर्ने ।

(५) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्सं बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) प्रयोजनको लागि मुल्याङ्कनकर्ताले तयार गरेको तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको चल अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Review) तथा अन्य सम्बद्ध व्यवस्था समेतको आधारमा निर्धारण गरिएको तिनाउ मिसन डेभलपमेण्ट बैंकको शेयरको मुल्य पारित गरी शेयर अनुपात १:०.९६ मा प्राप्ती (Acquisition) गर्ने कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने ।

(६) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) प्रयोजनको लागि नियुक्त लेखा परिक्षक (DDA मुल्याङ्कनकर्ता) M.R. Associates का चार्टर एकाउण्टेण्ट मिलन रिजालको नियुक्ति तथा पारिश्रमिकलाई अनुमोदन गर्ने ।

(७) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) गर्ने सम्बन्धी अन्तिम सम्झौता पत्र तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने ।

(८) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) गर्ने प्रयोजनको लागि भएको सम्झौता बमोजिम आवश्यक स्वीकृतिको लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र प्राप्तिसंग सम्बन्धित प्रचलित कानून निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे वमोजिमका कागजात तथा विवरण तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, प्राप्ति कार्य सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्न गराउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(९) तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले प्राप्ती (Acquisition) गरे पश्चात प्राप्ती सम्बन्धि सहमति पत्र तथा अन्तिम सम्झौता पत्रमा उल्लेख भए बमोजिम सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको प्रबन्ध पत्र तथा नियमावली लागु हुने साथै उक्त प्राप्ति (Acquisition) सम्बन्धी कार्य सम्पन्न भई एकिकृत कारोबार नभएसम्मको अवधिको लागि समेत हालको यस तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको संचालक समति यथावत कायम रहने विशेष व्यवस्था गर्ने ।

(१०) साधारण सभाद्धारा स्वीकृत गरिएको प्रस्तावित प्रबन्धपत्र तथा नियमावलीको संशोधन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक तथा अन्य निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सो मा थपघट गर्न वा सच्याउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध:**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

(१) चौधौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७७/१०/०२ गते एक दिन तिनाउ मिसन डेभलपमेण्ट बैंकको शेयरधनी दर्ता किताव बन्द रहने छ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/१०/०१ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस विकास बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन र बोनश शेयर पाउन योग्य हुनेछन् ।

(२) वार्षिक साधारण सभामा छलफल गरिने सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन, प्रबन्धपत्रमा गरिने संशोधन सम्बन्धी विवरण सहितको पुस्तिका शेयरधनीहरूले बैंकमा तथा डिम्याट खातामा अभिलेख गर्नु भएको ठेगानामा प्रेषित गरिएको छ । कथंकदाचित उक्त पुस्तिका शेयरधनीहरूको ठेगानामा नपुगेमा यसैलाई सूचना मानी सभामा पाल्नु हुन अनुरोध छ ।

(३) वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरूले शेयर प्रमाण पत्र/आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

(४) शेयरधनी महानुभावहरूको सुविधाको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०.०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला गरिनेछ । हाल विश्वभरी फैलिएको कोरोना भाइरस (Covid-19) को कारण सभामा उपस्थित हुंदा शेयरधनीहरुले आफ्नो सुरक्षाको उपाय अवलम्बन गर्नुहुन अनुरोध छ । शुरक्षा गार्डले सुरक्षाको लागि ज्वरो नाप गर्नेछ र तोकिएको तापक्रम भित्र पर्ने शेयधनहरुलाई मात्र सभा हलमा प्रवेश गर्न दिइनेछ ।

(५) कुनै शेयरधनी साधारण सभामा स्वयम् उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन प्रतिनिधि(प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडी बैंकको केन्द्रीय कार्यालय, बुटवल रुपन्देहीमा दर्ता गराइ सक्नुपर्नेछ । बैंकको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि(प्रोक्सी) दिन पाइने छैन । बैंकको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिएको भए प्रोक्सी बदर हुनेछ । साथै प्रतिनिधि(प्रोक्सी) दिदा जुन समुहको शेयरधनी हो सोही समुहको शेयरधनीलाई मात्र दिनु पर्नेछ ।

(६) एउटै साधारण सभामा उपस्थित हुनको लागि एकै शेयर वापत एकभन्दा बढि व्यक्तिहरु प्रतिनिधि(प्रोक्सी) नियुक्ती भएमा माथि दफा ५ बमोजिम कुनै एक प्रतिनिधि (प्रोक्सी) कायम गरिएकोमा बाहेक कुनै पनि प्रोक्सीले सभामा उपस्थित हुन तथा मतदान गर्न पाउने छैन ।

(७) प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

(८) साझा गरी एक भन्दा बढि व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारले सर्वसम्मतिबाट मनोनित गरेको प्रतिनिधि वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएकोमा शेयरवालाहरुको दर्ता किताबमा सो साझेदारहरु मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सो साझेदार मात्र मतदाता हुनेछ । जतिसुकै जनाले साझा गरी शेयर लिएको भएता पनि एकजनाले मात्र शेयरवाला वा प्रतिनिधिको हैसियतले मतदान गर्न पाउनेछ ।

(९) नावालक तथा मानसिक सन्तुलन ठीक नभएको शेयरवालाको हकमा निजको संरक्षक वा संरक्षकले तोकेको प्रतिनिधिले मतदानमा भाग लिन पाउनेछ । तर संरक्षक स्वयम् शेयरधनी नहुने हुनाले प्रोक्सी नियुक्त हुन भने योग्य हुने छैनन् ।

(१०) साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय बुटवल, रुपन्देहीमा सम्पर्क राखी अथवा बैंकको website: www.tinaumissionbank.com बाट समेत जानकारी लिन सकिने व्यहोरा अनुरोध छ ।

(११) हाल विश्वभरी फैलिएको कोरोना भाइरस (Covid-19) को कारण लकडाउनको अवस्था रहेको र निश्चित संख्यामा मात्र उपस्थित भइ कुनै पनि सभा सम्मेलन गर्न पाइने भएको हुंदा यसको सहजताको लागि शेयरधनी महानुभावहरुलाई भिडियो कन्फरेन्सको माध्यमबाट पनि उपस्थिति जनाइदिनुहुन अनुरोध छ । भिडियो कन्फरेन्सको User ID र Password को अनुरोध गर्ने फर्म बैंकको Website मा राखिएको छ । सो फर्म प्राप्त भए पश्चात शेयरधनीहरुलाई भिडियो कन्फरेन्सको User ID र Password दिइनेछ । साथै, बैंकमा मोबाइल नं. उपलब्ध भएका शेयरधनीहरुलाई मोबाइलमा User ID र Password उपलब्ध गराइने व्यहोरा अनुरोध छ । भिडियो कन्फरेन्सबाट आफ्नो भनाइ राख्न चाहने शेयरधनी महानुभावहरुले सभा हुनुभन्दा २ दिन अगाडि शेयरधनी /डिम्याट नम्बर उल्लेख गरेर आफ्नो नाम कम्पनी सचिवलाई टिपाउनु पर्नेछ ।

Tinau Mission Development Bank Limited
Head Office, Butwal